महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८

सुरुङ्गा नगरपालिका,
सप्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः२०७७।७८
च. नं. २७१

मितिः २०७८।५।४

बिषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुख ज्यू,
सुरुङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
ससरी।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरीएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

पत्र संख्या:२०७७।७८
च.नं.: २७२ मिति:२०७८।५।४

श्री प्रमुख ज्यू,
सुरुङ्गा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सप्तरी।

विषय: लेखापरीक्षण प्रतिवेदन।

कैफियत सहितको राय

हामीले सुरुङ्गा नगरपालिका, सप्तरीको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन। कायम भएका व्यहोराको अन्तिम प्रतिवेदन पाना २० (बिस) यसैसाथ संलग्न छ।

३. लेखापरीक्षणबाट रु १ करोड ९८ लाख २८ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु २७ लाख ३५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १८ लाख ३८ हजार नियमित गर्नुपर्ने रु. १ करोड ५२ लाख ५५ हजार रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका

छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमूख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

सुरुङ्गा नगरपालिका, ससरी
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

ब उ शि नं बिभिन्न   कार्यालयको नामः **सुरुङ्गा नगरपालिका, ससरी।**   आ.व. २०७६।७७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुरुङ्गा नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस सुरुङ्गा नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, १०७.०४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४४ हजार २ सय २१ जनसंख्या रहेको छ।	
	• **वित्तीय विवरण विश्लेषण**	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। पालिकाले पेश गरेको वित्तिय विवरण निम्नानुसार रहेको छ।	

सुरुङ्गा नगरपालिका, ससरी
आर्थिक विवरण
२०७६/७७

आय तर्फ		व्यय तर्फ	
आय विवरण	यस वर्षको यथार्थ आय रु.	व्यय शिर्षक	यस वर्षको यथार्थ व्यय रु.
गतवर्षकोजिम्मेवारी			
बैक	९३८७३७८८।४८		
नगद	१०७४००।७५		
आन्तरीक आय	१५२९३६४५।७८	आन्तरीक आय	६३११६२२१।६१
राजश्व वाँडफाँड		**राजश्व वाँडफाँड**	
सँघीय सरकार	६८७७७७८३।५४	सघीय सरकार	५७२४३१५४।७६
प्रदेश सरकार	१९४४३४६।००	प्रदेश सरकार	३००००००।००
समानिकरण अनुदान		**समानिकरण अनुदान**	
सघीय सरकार	१३६२०००००।००	सघीय सरकार	७६६०१९६६।१०
प्रदेश सरकार	७३४००००।००	प्रदेश सरकार	३४६२०३२।००
सशर्त अनुदान		**सशसर्त अनुदान**	
सँघीयसरकार	२१५९४७०००।००	सँघीयसरकार	१८९८२५४९८।२८
प्रदेश सरकार	१००००००००।००	प्रदेश सरकार	७५९३५२१।००
विशेष अनुदान		**विशेष अनुदान**	
सँघीयसरकार	०।००	सँघीयसरकार	०।००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

प्रदेश सरकार	०।००	प्रदेश सरकार	०।००
समपुरक अनुदान		**समपुरक अनुदान**	
सँघीयसरकार	०।००	सँघीयसरकार	०।००
प्रदेश सरकार	०।००	प्रदेश सरकार	०।००
अन्यनिकायवाट अनुदान		**अन्य निकायवाट अनुदान**	
सामाजिक सुरक्षा भत्ता	१०९२८४६००।००	सामाजिक सुरक्षा भत्ता	१०९२८४६००।००
बहुक्षेत्रिय पोषण	८८७२५०।००	बहुक्षेत्रिय पोषण	८८७२५०।००
तराईमधेश समृद्धकार्यक्रम	७५०००००।००	तराईमधेश समृद्ध कार्यक्रम	१७०६१७७।००
स्थानीय पुर्वाधार विकास साझेदारी	१२४२१५६८।००	स्थानीय पुर्वाधार विकास साझेदारी	१२४२१५६८।००
राष्टिय परिचय तथा पञ्जीकरण	९३२९१३।००	राष्टिय परिचय तथा पञ्जीकरण	९३२९१३।००
सडक वोर्ड नेपाल		सडक वोर्ड नेपाल	
विभिन्न कोष	१६३७०९००।००	**विभिन्न कोष**	१४२९४५६३।८२
धरौटी गत बर्षको बाकी	६३०८९१।००		
धरौटी खातामा आम्दानी	३००४९७०।००	धरौटी खाता	२१०३५००।००
दायित्व बाकी	८४४९९९।३२	**अन्तिम मौज्दात**	
		बैक मौजदान	१५७३५६७२९।३०
		नगद मौज्दात	०।००
		धरौटी खाता	१५३२३६१।००
कुल जम्मा	**७०१३६२०५५।८७**	**कुल जम्मा**	**७०१३६२०५५।८७**

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन। जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.९,१४,२४३.३२ ले फरक देखिएको छ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।

  त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.९१८०४१७९.४३ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९३९८११८९.२३ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२१७७००९.८० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.	२१,७७,००९.८०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३.	**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण स्रेस्ता भन्दा बैक बढी देखिएको रु.९१४२४३.३२ फरक बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ।	

सि.नं	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	विभिन्न	१५,५८,५८,६८६.६७	१५,६७,७२,९२९.९९	९,१४,२४३.३२

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन। • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन। • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन। • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन। • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १६ र प्रशासनिकतर्फ ४३ समेत ५९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १२ र ३४ समेत ४६ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन। • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन। • विभिन्न निर्माण कार्यको चेनेज तथा योजना कार्यस्थल खुलाउने नगरेकाले विभिन्न कार्यक्रमबाट संचालित कार्यहरु दोहोरो परेको परेको छैन भन्ने स्पष्ट आधार देखिदैन।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• सम्पन्न भएको कार्यको मूल्यांकन नगरी समग्र खरिदको लेवर मस्टरोलको ज्याल राखि मूल्यांकन तयार गर्ने, रनिङ विल तथा कार्यसम्पादन प्रतिवेदन, नापी किताब आदिमा मितिको उल्लेख नगर्ने र कार्य भएको योजना स्थलमा नै पुगी कार्यको मूल्यांकन भएको आधार देखिदैन। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।	
५.	**भवन नक्सा पास**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ।पालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत पर्ने व्यवस्था छ।पालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो।निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ।	
	• **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	
६.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप प्रमुख श्री विन्दा कुमारी पासवान ले २०७६।३।१० गते रु.५६ करोड ६७ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।	
७.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
१	सबै शिर्षक	१२०९९९	५६३१	१२४३१	१०२९३७	
	कूल खर्चः	**१२०९९९**	**५६३१**	**१२४३१**	**१०२९३७**	
	खर्च प्रतिशत	१००	४.६५	१०.२७	८५.०८	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
८.	**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।	

(रु.हजारमा)

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th>प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>२०४३०</td><td>१३४२५</td><td>६५.७०</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२४५२०९</td><td>२०५४४८</td><td>८३.७८</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१९८३९२</td><td>९६९८९</td><td>४८.८९</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>९९२७</td><td>५०९७</td><td>५१.३४</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१२९९६६</td><td>८१६०६</td><td>६२.७९</td></tr>
<tr><td>जम्मा</td><td>६०३,९२४</td><td>४०२५६५</td><td>६६.६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td></td><td>उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>८.१.</td><td>खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १,५५,७०,८४५.७८ राजस्व बाँडफाँड र अनुदानबाट रु. ५८,७६,०६,३६०.५७ समेत रु.६०,३१,७७,२०६.३५ आम्दानी भएकोमा चालु तर्फ रु.४१,९६,६९,८१७.८८ र पूँजिगत तर्फ रु.१२,०९,९९,०००.०० समेत रु.५४,०६,६८,८१७.८८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.८८ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.१६,७७,७६०.०० खर्च भएको छ जुन आन्तरिक आयको १०.७७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.५७ प्रतिशत चालु र २०.०६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td></td><td>संगठन तथा कर्मचारी ब्यवस्थापन</td><td></td></tr>
<tr><td>९.</td><td>कर्मचारी करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा २९ जना कर्मचारीहरु करारमा राखी रु.५८६५६७०.०० खर्च लेखेको छ।</td><td></td></tr>
<tr><td>१०.</td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कानून नबनाई यो बर्ष कर्मचारीलाई प्रोत्साहन भत्ता बापत रु.१२१८५४०.०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.</td><td>१२,१८,५४०.००</td></tr>
<tr><td>११.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ र यो बर्ष थप भएको १४ गरी कुल २१ विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्र्यौट भई १४ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>१२.</td><td>विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२९७५४८०.०० खर्च गरेको</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।	
	• **कर दस्तुर एवं आन्तरिक आय**	
१३.	**असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार ७ व्यवसायिबाट रु.९,९०,२१८.२० असुल गर्ने बाँकी रहेको छ ।	

सि.नं	ठेकेदारको नाम	आय ठेक्काको नाम	सम्झौता रकम	बाँकी रकम
१	विमल कुमार चौधरी	राजानकी मन्दिर नजिक पोखरी	१४६९००.०	४८९६३.०
२	जमिल मियाँ	कुशाहा पोखरी	१०२३२७७.१५	१४११८४.०
३	बद्री नारायण चौधरी	धाती बजार पोखरी	२४२९५०.०	१६१९६६.०
४	बद्री नारायण चौधरी	पटेर्वा मलहनिया पोखरी	५८८७३०.०	३९२४८६.०
५	बद्री नारायण चौधरी	औराहा पोखरी	२८३६३०.०	१८९०८६.०
६	रामु प्रसाद चौधरी	मलहनिया रामपुर दह	१६९६१३.०	५६५३३.००
		जम्मा	२,२८५,४८७.१५	९९०,२१८.००

	तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.	९,९०,२१८.२०
१४.	**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा **५५, ५७, ५८** र **५९** मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
	• **आयकर एवं मू.अ.कर**	
१५.	**भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.१,२०,९८२.०० अग्रिम कर कट्टी गरेको छैन। तसर्थ उक्त कर असुल हुनुपर्ने रु.	१,२०,९८२.००

गोभौनं./मिति	विवरण	भुक्तानी रकम	करको दर	कर रकम
रा.प्रा.वि.कदमहा भवन निर्माण				
१०५-०७७/३/३०	ढुवानी भाडा	२१०१००.०	१०%	२२०१०.०
" "	निर्माण सामाग्री खरिद	९४८३२१.०	१.५%	१४२२५.०
" "	ज्यामी ज्याला	२५५४२८.०	१%	२५५४.०
रा.प्रा.वि.हरिपुर भवन निर्माण				
१०५-०७७/३/३०	ढुवानी भाडा	९५३००.०	१०%	९५३०.०
" "	निर्माण सामाग्री खरिद	७४८३९६.०	१.५%	११२२६.०
" "	ज्यामी ज्याला	३५१२००.०	१%	३५१२.०
ज.आ.वि. भेडिया भवन निर्माण				
१०४-०७७/३/३०	ढुवानी भाडा	११७४००.०	१०%	११७४०.०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

" "	निर्माण सामाग्री खरिद	९१२२२७.४५	१.५%	१३६८४.०
" "	ज्याला	६०३४००.०	१%	६०३४.०
राष्ट्रिय आ.वि.महुलिया भवन निर्माण				
१०४-०७७/३/३०	ढुवानी भाडा	९४०००.०	१०%	९४००.०
" "	निर्माण सामाग्री खरिद	९६६८४८.०	१.५%	१४५०३.०
" "	ज्याला	२५६४१०.०	१%	२५६४.०
			जम्मा	१२०९८२.००

१६. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.९७,६८९.००कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	५० प्रतिशत रकम
न.पा.पुँजिगत १८-०७६/८/२५	ओसियोनिक सपोर्ट प्रा.लि.	६०६७८४६४३	१०६०४३३.६३	१३७८५६.३७	६८९२८.००
३२-०७६/११/२	पिरामिड टेक्निकल ईन्टिच्यूट	६०१०७८६९१	४४२४४७.८८	५७५२२.१२	२८७६१.००
		जम्मा	**१,५०२,८८१.५१**	**१९५,३७८.४९**	**९७,६८९.००**

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. — ९७,६८९.००

- **उपभोक्ता समिति मार्फत कार्य**

१७. **उपभोक्ता समितिमार्फत निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोड सम्मको श्रममूलक कामहरु उपभोक्ता समिति मार्फत गराउन सक्ने र सो गराउँदा आवश्यक प्रकृया पुऱ्याउनुपर्ने उल्लेख छ। सो सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः

१८. **उपभोक्ता समिति दर्ताः** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन। कार्यालयले यस वर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी सयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।

१९. **उपभोक्तासँग सम्झौताः**- सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ। त्यस्तो सम्झौतामा देहायको कुराहरू उल्लेख गर्नु पर्नेछ। निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोंने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ। पालीकाले उपभोक्ता समितिसँगको योजनाको बिल भरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, पालीकाको बजेट तथा उपभोत्ता समितिको जनश्रमदान को बारेमा उल्लेख नगरी केवल बिलभरपाईहरु संलग्न गरि खर्च लेखेको छ। जसबाट उल्लेखित कुराहरु प्रति यकिन हुन सक्ने अवस्था भएन।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२०.	**सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुवाईः**- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुवाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ। पालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो। सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ ।	
२१.	**आयोजना हस्तान्तरणः** सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन। जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ। अतः सम्पन्न आयोजनहरु सम्बन्धित उपभोक्ता समिति मार्फत नै कार्यान्वयन, संचालन, मर्मत र स्वामित्व ग्रहण गर्ने व्यवस्था सम्झौतामै उल्लेख गर्ने व्यवस्था गरी उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ।	
२२.	**कामको गुणस्तर एवं स्थलगत निरीक्षणः**- पालिकाले यसवर्ष अधिकांस निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ। यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ७८(३) अनुसार पालिकाको प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ। सो अनुसार नगरपालिकाले के कति योजनाहरु अनुगमन गर्यो सोको विस्तृत विवरण तयार गरेको देखिएन। यस पालिकाबाट उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका बाटो, कल्भट, भवन, नाली जस्ता निर्माण कार्यको भुक्तानी गर्दा उपप्रमुख एवं वडा अध्यक्षको अध्यक्षतामा अनुगमन समिति गठन गरी अनुगमन गर्ने र अनुगमनको सिफारिस पश्चात भुक्तानी दिने गरेको छ। अनुगमन प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन। अतः कामको गुणस्तर कायम नभएमा सोको जिम्मेवारी सम्बन्धित प्राविधिक एवं अनुगमन कर्तालाई बनाइ निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।	
२३.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सुरुङ्गा नदि नियन्त्रण योजनाको उपभोक्ता समितिले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन डोजर प्रयोग गरेको पाइयो। नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरण यसप्रकार छ :	

गो भौ नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	५-०७७/२/२८ · सुरुङ्गा नदी नियन्त्रण उ.स.वार्ड नं.७ · नदि नियन्त्रण · १८२२९९७.०३ · डोजर · १८२२९९७.०३	

५-०७७/२/२८	सुरुङ्गा नदी नियन्त्रण उ.स.वार्ड नं.७	नदि नियन्त्रण	१८२२९९७.०३	डोजर	१८२२९९७.०३

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२४. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
६-०७६/७/१८	विहुल नदीमा कल्भर्ट निर्माण उपभोक्ता समिति	कल्भर्ट निर्माण	१९०८४२७.००
१३५-०७७/३/२५	पिप्रा पश्चिम विद्युत उ.स.	ग्रामिण विद्युतिकरण	३६६९९५८.००
२५३-०७७/३/३१	भगवती आर सि सी ढलान उपभोक्ता समिति	बाटो ढलान	१५४५४१७.८५
		जम्मा	७,१२३,८०२.८५

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२५. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ। तर पालिकाले सूचना प्रकाशन गरी रु.१४,९५,४०७.९० का औषधि खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

२५.१. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

२५.२. आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

२५.३. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६. **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले परामर्श

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु. २१९७७५०.०० खर्च लेखेका छन्। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन।	
२७.	**रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
२८.	**रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। पालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता नराखेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन।यो आ.व.मा कति नगदि र मालपोत रसिद ठेली छपाई गरेको थियो अघिल्लो आ.व. का बाँकी कति ठेली रसिद थिए र यो आ.व.मा कति प्रयोग भयो भन्ने सम्बन्धमा एकिन गर्न सकिएन। तसर्थः आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ।	
	सामाजिक सुरक्षातर्फ	
२९.	**सामाजिक सुरक्षातर्फ-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी खर्च गरेको छ। तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरि खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।	
	विपद् व्यवस्थापन	
३०.	**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन भएतापनि कोरोना सम्बन्धी बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।	
३१.	**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद्	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।</td><td></td></tr>
<tr><td>३२.</td><td>विपद् व्यवस्थापन कोष — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>३३.</td><td>वार्षिक प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३४.</td><td>सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>३४.१.</td><td>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ।</td><td></td></tr>
<tr><td>३५.</td><td>अग्रीम आयकर तथा अन्य दाखिलाः आयकर ऐन, २०५८ अनुसार कट्टी गरिएका कर अर्को महिनाको २५ गते भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले देहायका शिर्षकमा कट्टा गरेका विभिन्न कर रकम दाखिला गरेको नदेखिएकोले यथाशिघ्र सम्बन्धित राजश्व खातामा दाखिला हुनुपर्ने रु.
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>अग्रिम कर</th><th>घर बहाल कर</th><th>सा.सु.कर</th><th>कन्टिजेन्सी</th><th>मू.अ.कर</th><th>अन्य बहाल कर</th><th>जम्मा</th></tr>
<tr><td>मर्मत संभार कोष</td><td>१७६१७.०</td><td>१०२००.०</td><td>३६०७.०</td><td>८२०८.०</td><td>५५०६१.०</td><td>४११०.०</td><td>९८८३३.०</td></tr>
<tr><td>पुजिगत</td><td>०</td><td>-</td><td>३७८२.२४</td><td>५६७२६९.४१</td><td>-</td><td></td><td>५७१०५१.६५</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>२१३७६.०</td><td>६००.०</td><td>३००.०</td><td>-</td><td>-</td><td></td><td>२२२७६.०</td></tr>
<tr><td>प्रकोप व्य.खाता</td><td>१४८३४६.६७</td><td>१६००.०</td><td>२८९२.०</td><td>-</td><td>-</td><td></td><td>१५२८३८.०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>८४४,९९८.६५</td></tr>
</table></td><td>८,४४,९९८.६५</td></tr>
<tr><td></td><td>• स्थानीय पूर्वाधार</td><td></td></tr>
</table>

३९.

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३६.	**भेरियसन स्वीकृतीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौताको कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरियसन जारी गर्नुपर्ने व्यवस्था छ।तर अधुरो बहुउद्देशिय कभर्डहल निर्माण वार्ड नं. ५ निर्माण गर्न कुल लागत अनुमान रु.४९२५०२९.४८ भएकोमा निर्माण व्यवसायी मधेश निर्माण सेवाले रु.२७७४६७४.२६ कबोल गरी रु.१८,०६,६३४.१५ घटीमा कार्य गरेको देखिँदा सोको भेरियसन स्वीकृत भएको नदेखिएको रु.	३१,२८,३९४.१५
	• **तराई मधेश सम्वृद्धि कार्यक्रमः**	
३७.	**कार्यसम्पन्न प्रतिवेदनः** शिशुवारी क्याम्पस भवन निमार्णको लागि लागत अनुमान रु.३४३००००.०० तयार गरी बोलपत्रको माध्यमबाट कम कबोलदाता भोलेबाबा निर्माण सेवासँग रु.१७४२३३७.४६ को सम्झौता गरेको देखिन्छ। निर्माण व्यवसायी लाई प्रथम तथा अन्तिम बिल बमोजिम रु.१७०६१७७.९० भुक्तानी गरेकोमा ठेक्का सम्बन्धि बील तथा कार्यसम्पन्न प्रतिवदेन पेश नभएको रु.	१७,०६,१७७.९०
	• **प्रदेश सशर्त अनुदानः**	
३८.	भेडिया कमलपुर, बाउन्न र रक्साहा हनुमान चौकसम्मको बाटो निर्माण गर्न रु.२५०००००.०० बजेट स्वीकृत भै आएको देखिन्छ। उक्त बाटो निर्माण गर्न लागत अनुमान रु.२६९४५५७.४० मध्ये कार्यालयले रु.२४२५१०१.६६ र उ.स.ले रु.२६९४५५.७४ व्यहोर्ने गरी ०७७/२/२५ मा सम्झौता गरेको छ। निर्माण कार्यको अन्तिम बील अनुसार सु.न.पा. २, सप्तरी उ.स.लाई रु.१८८३२३२.२७ भुक्तानी गरेको छ। यस सम्बन्धमा निर्माण सामाग्रीको गुणस्तर परीक्षण गरेको देखिएन। परीक्षण नगरी बाटो निर्माण गर्दा गुणस्तरमा कमी आउने सम्भावना भएकोले गुणस्तरको प्रमाण पत्र राखी भुक्तानी दिनुपर्नेमा गुणस्तर परीक्षण गरेको छैन।	
	• **संघ सशर्त चालु (शिक्षा)**	
३९.	**अवकाश पछिको निकासाः** पालिकाले शिक्षक अवकाश हुनुपूर्वको मात्र तलब भत्ता भुक्तानी दिनुपर्नेमा अवकाश मिति भन्दा पछिको समेत तलब निकासा गरेकोले सम्बन्धित विद्यालय बाट असुल गर्नुपर्ने रु.	३९,१५०.००

विद्यालयको नाम	शिक्षकको नाम	अवकाश मिति	दिनुपर्ने निकासा	दिएको निकासा	बढी	कैफियत
जनता आ.वि.शिवनगर पिप्रा	राजेश प्रसाद चौधरी	०७६/६/५	८४९५८.०	१२०१२५.०	३५१६७.०	प्रथम चौमासिक
" "	पाँचु चौधरी	०७६/११/२८	२५५३१३.०	१५९२९६.०	३९८३.०	
				जम्मा	**३९,१५०.००**	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४०.	**शिर्षक फरक पारेकोः** (१०३-०७७/३/२९) नगरपालिकाले ३१ विद्यालयहरुलाई पाठ्यपुस्तक बापत थप निकासा रु.८२५२९०.०० र प्राविधिक धारका विद्यालय अनुदान रु.४६०८००.०० समेत रु.१२६००९०.०० सम्बन्धित शिर्षकबाट खर्च लेख्नुपर्ने मा रु.९८९९०.०० निःशुल्क पाठ्य पुस्तक बाट र बाँकी रु.११८७१००.०० विद्यार्थीलाई दिवा खाजाको लागि विनियोजन भएको रकमबाट भुक्तानी दिएको देखिएकोले अनियमित रु.	११,८७,१००.००
	• **आन्तरिक आयः**	
४१.	**गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो। तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ। यसै सम्बन्धमा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ। २ नं. प्रदेश आर्थिक ऐन अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ। यस सुरुङ्गा नगरपालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यस बर्ष रु.४९३००००.०० राजस्व प्राप्त गरेकोमा रु.१९७२०००.०० प्रदेश संचित कोष र रु.२९५८०००.०० स्थानिय संचितकोषमा जम्मा गरेको पाईयो। गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ।	
४२.	**बालुवा, ढुंगा, गिट्टी ठेक्काः** नगरपालिकाले शिशुवारी खोलाको १०४१७६१ घन फिट बलान खोलाको २०८३५२२ घन फिट, चहका खोलाको १०१२११८ घन फिट समेत कुल ४१३७४०१ घन फिट बालुवा उल्खनन् गर्न लागत अनुमान रु.१२५०००००.०० स्वीकृत गरेको छ। ठेक्काको लागि ०७६।५।३ मा ३० दिनको सूचना प्रकाशन गरेको देखिन्छ। सोको लागि एक मात्र शुभ प्रभात एण्ड प्रतिमा निर्माण सेवा राजविराजले पेश गरेको रु.१२५०५००१.०० को बोलपत्र स्वीकृत गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः	
४२.१.	प्रकाशित सूचना अनुसार सम्झौता गर्दा कबोल अंकको ५० प्रतिशत रकम नगदै बुझाउनु पर्ने र बाँकी रकमको बैक ग्यारेन्टी वा धन जमानत राख्नुपर्ने उल्लेख भएकोमा कबोल अंकको ५० प्रतिशत रु.६२५२५००.५० नगद र रु.६२५२५००.५० बैंक ग्यारेन्टी राखेपछि मात्र सम्झौता गर्नुपर्नेमा रु.४२३००००.०० नगद र रु.३१०००००.०० को बैक ग्यारेन्टी मात्र राखेको अवस्थामा पनि सम्झौता गरेको देखिन्छ।	
४२.२.	नदीको उत्खनन् क्षेत्रको IEE आ.व. २०७५/७६ मा भैसकेको खोलाको बालुवा उत्खननको सूचना समयमै प्रकाशन गरी आ.व.को शुरुमै सम्झौता हुनुपर्नेमा ०७६/७/१८ मा मात्र बोलपत्र ढिला मूल्यांकन गरी ०७६/९/२४ मा ०७६/९/१ देखि लागु हुनेगरी सम्झौता गरेकोले २०७६/६/१ देखि ०७६/८/३० सम्म ९० दिनको राजश्व रकम रु.४१६८३५०.०० छुट दिई नगरपालिकाले आन्तरिक आम्दानी रु. ४१,६८,३५०.०० गुमाएको छ।	
४२.३.	**सम्झौताको कार्यान्वयनः** नगरपालिका र कबोलदातासँग ०७६/९/२४ मा भएको सम्झौताको बुँदा नं. ५ अनुसार कुल सम्झौता रु.१२५०५००१.०० मध्ये मंशिर मसान्त सम्मको छुट रु.४१६८३५०.०० घटाई बाँकी बुझाउनुपर्ने रु.८३३६६५१.०० मध्ये दाखिला गरीसकेको रु.४२३००००.०० बाहेक रु.४१०६६५१.०० निम्न बमोजिम दाखिला गर्ने उल्लेख छ।	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>किस्ता</th><th>रकम</th><th>बुझाउनुपर्ने रकम</th></tr>
<tr><td>प्रथम</td><td>१३६८८८४.००</td><td>०७६ फागुन मसान्त सम्म</td></tr>
<tr><td>दोस्रो</td><td>१३६८८८४.००</td><td>०७७ बैशाख १५ सम्म</td></tr>
<tr><td>तेस्रो</td><td>१३६८८८४.००</td><td>०७७ जेष्ठ १५ सम्म</td></tr>
<tr><td>जम्मा</td><td>४,१०६,६५२.००</td><td></td></tr>
</table>
उपरोक्त अनुसारको कुनै पनि किस्ता कबोलदाताले सम्झौता मितिले तोकेको समयमा बुझाएको देखिएन।</td><td></td></tr>
<tr><td>४२.४.</td><td>राजश्व छुटः नगरसभाको ०७७/३/१४ को निर्णय नं.१३ अनुसार श्री शुभ प्रभात एण्ड प्रतिमा निर्माण सेवा सँग आ.व.०७६/०७७ को लागि बलान,चहका र शिशुवारी खोलाको ढुंगा, गिट्टी र बालुवा उल्खनन गर्न रु.८३३६६५१.०० मा सम्झौता भएको र रु.४२३००००.०० अग्रीम रुपमा बुझाई सकेको ०७६ चैत्र ११ देखी लकडाउन भएको कारणले उक्त फर्मले नगरपालिकालाई बुझाउनुपर्ने रकम ०७६ चैत्र ११ देखि ०७७ जेष्ठ २५ सम्म ७४ दिनको राजश्व छुट दिने नगर सभाको निर्णयले रु.३४२७३१०.०० राजश्व छुट दिएको छ। राजश्व परामर्श समितिको परामर्श तथा राजश्व छुट दिने कानुनी आधार बेगर राजश्व छुट दिई नगरपालिकाले राजश्व गुमाएको रु.</td><td>३४,३७,३१०.००</td></tr>
<tr><td>४२.५.</td><td>उत्खननको प्रमाणः फर्मले उत्खनन् अनुमति पाएको ४१३७४०१ घन फिट मध्ये कति परिमाण उत्खनन् गरेको छ त्यसको अभिलेख नगरपालिकाले व्यवस्थापन गर्नुपर्नेमा उत्खनन् को अभिलेख तथा अनुगमन प्रतिवेदन समेत संलग्न राखेको छैन। अभिलेख राखी उल्खनन् गरेको परिमाण पारदर्शी हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४२.६.</td><td>मू.अ.करः शुभ प्रभात एण्ड प्रतिमा निर्माण सेवा सँग ०७६/९/२४ मा भएको सम्झौताको बुँदा नं. १ अनुसार दोस्रो पक्षले कबोल गरेको रकममा मूल्य अभिवृद्धि कर बापत १३ प्रतिशत थप गरी पहिलो पक्षलाई एकमुष्ठ वा किस्तामा बुझाउनुपर्ने उल्लेख छ। सो अनुसार फर्मले दाखिला गरेको रु.४९३००००.०० मा मात्र १३ प्रतिशत ले मू.अ.कर रु.६४०९००.०० दाखिला नगरी फर्मको बैक जमानत फुकुवा समेत गरेको देखिएकोले फर्मबाट मु.अ.कर असुल गरी संघिय संचित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>६,४०,९००.००</td></tr>
<tr><td></td><td>• न.पा.पूँजिगतः</td><td></td></tr>
<tr><td>४३.</td><td>फलामे डण्डीः उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु संचालन गर्दा योजनामा प्रयोग भएको डण्डी भन्दा फरक दरमा, फरक परिमाण नापी किताबमा चढाई भुक्तानी गरेको देखियो उपभोक्ता समितिले पेश गरेको विल भरपाई भन्दा बढी दर राखी भुक्तानी गरेको रकम अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.नं मिति</th><th>काम/उ.सको नाम</th><th>उ.स.ले पेश गरेको बील अनुसार परिमाण</th><th>मूल्य</th><th>नापी किताब अनुसार मूल्य</th><th>बढी</th></tr>
<tr><td>१९२-०७७/३/३०</td><td>श्रीपुर महेन्द्र चौधरीको घरदेखि सुखीलाल चौधरीको घरसम्म आर सि सि सु.न.पा.६</td><td>१७५ केजि</td><td>५४२९६.५०</td><td>८१८१३.९९</td><td>२७५१७.४९</td></tr>
<tr><td>२११-०७७/३/३१</td><td>कदमाहमा सामुदायिक भवन निर्माण उ.स.</td><td>२६० केजि</td><td>१८४२१९.३५</td><td>२३९१३८.७७</td><td>५४९१९.४२</td></tr>
<tr><td>२६४-०७७/३/३१</td><td>दिनाभद्री डिहिवार राजदेवी मंन्दिर मर्मत सम्भार उ.स.</td><td>०</td><td>०</td><td>४७५१४.५४</td><td>४७५१७.५४</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१२९,९५४.४५</td></tr>
</table></td><td>१,२९,९५४.४५</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>• सशर्त चालु</td><td></td></tr>
<tr><td>४४.</td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकम भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँचगरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर देहायका भुक्तानिहरुमा बढी भुक्तानी गरेको पाइएकोले असुल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भा.नं./मिति</th><th>विवरण</th><th>दिनुपर्ने</th><th>दिएको</th><th>बढि</th></tr>
<tr><td>७९-०७७/३/२२</td><td>नसर्ने रोग सम्बन्धी कार्यक्रम बापत आनन्द चौधरी लाई दिएको खर्च</td><td>१९९३४५.००</td><td>२२००००.०</td><td>२०६५५.००</td></tr>
<tr><td>९३-०७७/३/२५</td><td>पोषण कार्यक्रम बापत भुपनारायण चौधरीलाई दिएको खर्च</td><td>९२०८०.०</td><td>१०००००.००</td><td>७९२०.००</td></tr>
<tr><td>९४-०७७/३/२६</td><td>शैक्षिक पहुँच शुनिश्चितता सारक्षता कार्यक्रम संचालन गरेवापत हिरालाल रानाको खर्च</td><td>५६४०३४.३८</td><td>५८२०००.०</td><td>१७९६५.६२</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>४६,५४०.६२</td></tr>
</table></td><td>४६,५४०.६२</td></tr>
<tr><td></td><td>• गा.पा.चालुः</td><td></td></tr>
<tr><td>४५.</td><td>सोझै खरिदः- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु.५ लाखसम्मको निर्माण कार्य, मालसामान वा परामर्श सेवाको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै उप नियम (१ख) मा सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.न. मिति</th><th>विवरण</th><th>रकम</th><th>फर्मको नाम</th></tr>
<tr><td>३१/०७६/७/७</td><td>का सा तथा मसलन्द</td><td>४८४६८५.००</td><td>न्यू यादव छापाखाना</td></tr>
<tr><td>१७३/०७६/१०/१२</td><td>का सा तथा मसलन्द</td><td>४९९६८६.००</td><td>जनता ट्रेडर्स एण्ड सप्लायर्स</td></tr>
<tr><td>२३७/०७६/११/११</td><td>का सा तथा मसलन्द</td><td>४९९९५७.००</td><td>न्यु यादव ट्रेडर्स एण्ड जेनरल अर्डर सप्लायर्स</td></tr>
<tr><td>३१५/०७७/२/३२</td><td>का सा तथा मसलन्द</td><td>४९९६८६.००</td><td>अम्विका अफसेट प्रेस</td></tr>
<tr><td>७१/०७६/८/२</td><td>परामर्श सेवा</td><td>४९८४४३.००</td><td>ए वि सि नन ओभन झोला उद्योग</td></tr>
<tr><td>२०३/०७६/८/२९</td><td>परामर्श सेवा</td><td>४९८४४३.००</td><td>ए वि सि नन ओभन झोला उद्योग</td></tr>
<tr><td>२०४/०७६/८/२९</td><td>परामर्श सेवा</td><td>४९८०००.००</td><td>जनकपुर स्किल डेभलप्मेण्ट</td></tr>
<tr><td>१४४/०७६/९/२५</td><td>परामर्श सेवा</td><td>४९८०००.००</td><td>वाफ्ट टेक्नोलोजि</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९७६९००.००</td><td></td></tr>
</table></td><td>३९,७६,९००.००</td></tr>
<tr><td>४६.</td><td>देहाय वमोजिम दैनिक भ्रमण भत्ता भूक्तानि गर्दा सरुवा रमानामा पत्रमा दैनिक भ्रमण भत्ता नलिएको उल्लेख गरेको दोहरोले भुक्तानि हुन सक्ने सम्भावना रहेको हुदा सरूवा भइ गएको कार्यालयवाट भूक्तानि भएको छैन भन्ने प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु
<table>
<tr><th>गो भौ न मिति</th><th>सरुवा हुनेको नाम</th><th>भुक्तानि रकम</th></tr>
<tr><td>१५१।०७६।९।२५</td><td>गोविन्द व कार्कि</td><td>११३००.००</td></tr>
<tr><td>१८९।०७६।१०।२१</td><td>जितेन्द्र यादव</td><td>१३८००.००</td></tr>
<tr><td>२४८।०७६।१०।२०</td><td>सैनि साह</td><td>८६००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३३७००.००</td></tr>
</table></td><td>३३,७००.००</td></tr>
<tr><td>४७.</td><td>निम्न गैर सरकारी संस्था मार्फत गरेको देहायको कार्यक्रममा सेवा दिने संस्थाको मु.अ. कर</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>विजक जारी नगरी खाना खाजा, स्टेसनरी, प्रशिक्षक, सहजकर्ता, सहयोगि को भत्ता ,पारीश्रमिक, यातायात जस्ता खर्चको खुद्रा विल भर्पाइ पेश गरी भूक्तानि लिएको पाइयो। सेवा सकार गर्नेको आफ्नो विल वेगर सम्झौता अनुसारको रकम भूक्तानि गरेको पाइयो। सम्झौता अनुसारको सेवा दिए नदिएको, सहभागिले अपेक्षा गरे अनुसारको क्षमता हासिल गरे नगरेको सम्वन्धमा तालिमको प्रभावकारित वारे पालिका वाट समय समयमा अनुगमन तथा सिप परिक्षण गरी काम संतोष जनक भएमात्र भूक्तानि दिने व्यवस्था मिलाउनु पर्दछ।
<table>
<tr><th>गो भौ न मिति</th><th>विषय</th><th>संस्थाको नाम</th><th>रकम</th></tr>
<tr><td>१०९।०७६।८।३०</td><td>सहकारी प्रवर्धन तालिम</td><td>ग्रामिण वातावरण विकास तथा गरिवि उन्मुलन</td><td>५०००००.००</td></tr>
<tr><td>१६७।०७६।१०।२</td><td>सर्फ वनाउने तालिम</td><td>दलित महिला संघ</td><td>३५००००.००</td></tr>
<tr><td>२३४।०७६।११।११</td><td>वैदेशिक रोजगार तालिम</td><td>विकासका लागि सहयोगि हात</td><td>५०००००.००</td></tr>
<tr><td>२९४।०७७।२।२</td><td>प्लमवर तालिम</td><td>सगरमाथा सामुदायिक विकास केन्द्र</td><td>४९९८९६.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>१८४९८९६.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.</td><td>आ.ले.प. बेरुजु सम्बन्धमाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) मा कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंल्याईएका बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडि नै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गर्नु गराउनुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको निम्न बमोजिमका बेरुजुहरु अन्तिम लेखापरीक्षण अवधि सम्म फछ्यौंट भएको देखिएन।</td><td></td></tr>
<tr><td>४८.१.</td><td>४१६-२०७७/३/२९ः सन्देशमूलक सूचना प्रशारण गरेबापत निता एफ.एम लहानलाई विभिन्न विलबाट रु.३०००००.०० भुक्तानी लिएकोमा मु.अ.कर विजक नभएकोले आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार १५ प्रतिशतले रु.४५०००.०० कट्टी हुनुपर्नेमा १.५ प्रतिशतले रु.४५००.०० मात्र कट्टी भएकोले घटी रकम असुल हुनुपर्ने रु.</td><td>४०,५००.००</td></tr>
<tr><td>४८.२.</td><td>१०९-२०७७/३/३२ः सहकारी प्रवर्द्धन सम्बन्धि तालिम संचालन गर्ने ग्रामिण वातावरण विकास तथा गरिबी उन्मुलन संस्था नेपालले पेश गरेकोले बिल भरपाईमा कार्यक्रम संयोजक भत्ता भनी नाम नखुलाई खर्च लेखेको र भरपाईमा सहि छाप समेत नभएकोले उक्त रकम असुल हुनुपर्ने रु.</td><td>११,९००.००</td></tr>
<tr><td>४८.३.</td><td>नगरभित्रका ११ वटै वडा कार्यालयहरुले पालिकाको आर्थिक ऐन,२०७७ बमोजिम लिनुपर्ने शुल्क लिई रसिद काट्नु पर्नेमा राजश्व रसिद नकाटी राजश्व बुझेको पाईएकोले आगामी दिनहरुमा सुधार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td></td><td>• कोभिड-१९ तर्फः</td><td></td></tr>
<tr><td>४९.</td><td>कोभिड-१९ः विश्वमाहामारीको रुपमा फैलिएको कोभिड-१९ लाई नियन्त्रण तथा रोगथामको लागि अर्थ मन्त्रालयको च.नं.६९४, मिति २०७६।१२।२१ को पत्रानुसार प्रत्येक स्थानीय तहमा “कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष” स्थापना गरी सोही कोषबाट खर्च गर्नुपर्ने व्यवस्था गरेको छ। यस पालिकाले उपरोक्त अनुसारको कोष गरेको छैन। स्थानीय तहको संचित कोषबाट र प्रदेश कोभिड कोषबाट रकम प्राप्त गरी कोषमा जम्मा नगरी खर्च गरेको छ।</td><td></td></tr>
<tr><td>४९.१.</td><td>आय-व्ययः नगरपालिकाबाट प्राप्त विवरण अनुसार कोभिड-१९ तर्फ आम्दानी र खर्च निम्नानुसार रहेको छः</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

प्राप्त रकम		खर्च रकम	
आम्दानीको शिर्षक	रकम	खर्च शिर्षक	रकम
प्रदेश संचित कोषबाट	१५०००००.००	राहत वितरण	५९१७१९९.२०
स्थानीय तहको आफ्नै बजेट विनियोजन भएको	१००००००००.००	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण तथा व्यवस्थापन	१७९६६८०.३०
अन्य स्रोतबाट प्राप्त	४३०००.००	जनशक्ति परिचालन	३३३७००.००
अन्य शिर्षकको आम्दानी	१४५८६१७.५०	औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	१७५२२५०.००
	०	अन्य शिर्षकमा	१४५८६७१.५०
	०	बाँकी मौज्दात	३६४००७.०८
जम्मा	**१३,००१,६१७.५०**	**जम्मा**	**११,६२२,५०८.०८**

४९.१.१. पालिकाले पेश गरेको विवरणमा कोभिड-१९को आय तर्फ रु. १३,००१,६१७.५० र व्ययमा रु.११,६२२,५०८.०८ देखाएको छ। आय महल भन्दा व्यय महलमा रु.१३,७९,१०९.४२ भन्दा घटि देखाएको सम्बन्धमा पालिकाले एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

४९.२. **क्वारेन्टाईन व्यवस्थापनः** नगरपालिकाले देहायका ४ वटा क्वारेन्टाईन व्यवस्थापन गरी संचालन भएको देखिन्छ। क्वारेन्टाईन संचालन तथा व्यवस्थान बापत रु.१७,९६,६८०.३० खर्च गरेको छ। क्वारेन्टिनमा रहेको बेड संख्या, बसेको संख्या तथा संचालन खर्च देहाय बमोजिम रहेको छ।

क्र.स	क्वारेन्टाईनको नाम	बेड संख्या	दैनिक रुपमा बसेको अधिकतम संख्या	आषाढ मसान्त सम्म क्वारेन्टिनमा बस्नेको कुल संख्या	संचालन तथा व्यवस्थापन खर्च
१	कुसहा मा.वि.कुसहा	३०	-	१२२	**१७९६६८०.३०**
२	शिशुवारी क्याम्पस शिशुवारी	२५	-	५६	
३	केशव स्मारक उ.मा.वि.टिकिलया	३०	-	६८	
४	जनप्रभात मा.वि. दैलतपुर	२५	-	५९	
	जम्मा	११०		३०५	

४ वटा क्वारेन्टाईन संचालन तथा व्यवस्थापन प्रयोजनको खर्च एकमुष्ठ रु. १७,९६,६८०.३० देखिएकोले कुन क्वारेन्टाईनमा कति खर्च भएको हो सो को एकिन गर्न सकिएन।

४९.३. **राहत सामाग्री खरिदः** पालिकाले राहत वितरणको लागि देहायका खाद्यान्न सामाग्री शिलबन्दी दरभाउको माध्यमबाट खरिद गरेको छ। उक्त खाद्यान्न सामाग्रीहरु डोकानिया सप्लायर्सबाट रु.७२९६३६२.४० को खरिद गरेको देखिन्छ। खरिद गरिएका राहत सामाग्री गुणस्तरयुक्त थिए वा थिएनन, सम्बन्धित विशेषज्ञबाट गुणस्तर परीक्षण गराई मात्र वितरण गर्नुपर्नेमा गुणस्तर परीक्षण नगराई वितरण गरेको देखियो। सामाग्री खरिद गर्नुपूर्व वितरण गर्ने घरधुरी, जनसंख्या तथा वास्तविक रूपमा राहत उपलब्ध गराउनै पर्ने घरधुरी,जनसंख्या कति हो सो को आँकलन तथा योजना बेगर खरिद गरेको छ।

राहत सामाग्री	खरिद परिमाण	दर	रकम
चामल	९०००० के.जि.	५०.१५	७२९६३६२.४०
दाल	१२००० के.जि.	११६.००	
खाने तेल	६००० लि.	१६३.००	
नुन	६००० के.जि.	२०.००	
	जम्मा		**७,२९६,३६२.४०**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५०.	**राहत सामाग्री वितरणः** राहत सामाग्री वितरणको वडागत विवरण निम्न अनुसार छः	

वडा नं	लाभग्राही परिवार	राहत सामाग्रीको मूल्य
१	५२८	
२	६४८	
३	६१५	
४	६८९	
५	४६०	
६	२८३	७२९६३६२.४०
७	६९६	
८	५११	
९	३५३	
१०	३४०	
११	२२२	
अपाङ्गता भएको	६५५	
जम्मा	६,०००	७,२९६,३६२.४०

कोरोना भाईरस संक्रमण (कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका,२०७६ को दफा ६ मा खाद्यान्न राहत वा अनुदान उपलब्ध गराउँदा लक्षित समूहको परिवारको संख्याको आधारमा (प्याकेज बनाउँदा ४ जनासम्म सदस्य भएको परिवार र चार जनाभन्दा बढि सदस्य भएको परिवारलाई पुग्ने गरी दुई प्रकारको बनाउने) समानुपातिक र समन्यायिक रुपले वितरण गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निर्देशिका बमोजिम राहत वितरण गरेको देखिएन। पालिकाले प्रति परिवार १५ के.जि.चामल, २ के.जि. दाल, १ लि.खाने तेल, १ के.जि. नुन राहत वितरण गरेकोमा बास्तविक राहत प्राप्त गर्ने परिवारको लगत व्यवस्थित गरेको छैन। लगत व्यवस्थित नगरेकोले वास्तविक राहत पाउनेले मात्र लाभ पाए भन्न सक्ने अवस्था छैन। राहत वितरण गर्दा परिवार संख्यालाई आधार बनाई वितरण गर्नुपर्नेमा घरधुरीलाई मात्र आधार बनाई वितरण गरेको देखिन्छ। यसरी समान रुपमा वितरण गर्दा परिवार संख्या कम भएकालाई धेरै दिन र परिवार संख्या बढी भएकाहरुलाई थोरै दिनको मात्र राहत प्राप्त गरेको अवस्था छ। यसबाट वितरण प्रकृया वैज्ञानिक तथा पारदर्शि छ भन्ने अवस्था छैन।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
५१.	**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्ष सम्परीक्षणको लागि पेश भएको रु १ लाख ६५ हजार निम्नानुसार सम्परीक्षण भएको छ।	
५१.१.	यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।	

सि. नं	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्यौंटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	०७५/७६	९७	जमानत जफत हुनुपर्ने	१८६८०.०	०	०	०	१८६८०.०
२	०७४/७५	३४	दाखिला बाँकी कर	१५५८१.०	०	०	०	१५५८१.०
३	०७४/७५	६४	दोहोरो सामाजिक सुरक्षा भत्ता	८०००.०	०	०	०	८०००.०
४	०७४/७५	५५	नपाउने तलब भत्ता	६१०००.०	०	०	०	६१०००.०
५	०७४/७५	५३	करकट्टी दाखिला नगरेको	२४३४०.०	०	०	०	२४३४०.०
६	०७४/७५	५४	नपाउने तलब भुक्तानी	१८२५०.०	०	०	०	१८२५०.०
७	०७४/७५	४६	अग्रीम कर दाखिला	३१६९.०	०	०	०	३१६९.०
८	०७४/७५	४७	भरपाई पेश नभएको	७४००.०	०	०	०	७४००.०

दफा	भौ.नं., मिति र ब्यहोरा								बेरुजू रकम
	९	०७४/७५	५८	पारिश्रमिक कर कट्टा नगरेको	९०१०.०	०	०	०	९०१०.०
	१०	०७४/७५	६६	सामाजिक सुरक्षा भत्ता पाउने आधार नदेखिएको	०	२००००.०	०	०	२००००.०
				जम्मा	१६५,४३०.०	२०,०००.			१८५,४३०.०
५२.	**संचित कोष तथा बेरुजुको स्थीतिः** पालिकाको संचितकोषको विवरण, बेरुजु (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार) वर्गिकरण र अध्यावधिक बेरुजुको स्थीति क्रमश : अनुसूची १, अनुसूची २ र अनुसूची ३ मा समावेश गरिएको छ।								

स्थानीय संचिंतकोष विवरण

अनुसूचि १

२०७६/७७

रु हजारमा

सि.न.	स्थानियतह	जिल्ला	आय									व्यय				मौज्दात
			लेखापरीक्षण रकम	बेरुजु रकम	बेरुजु प्रतिशत	गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाँडफाँड रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
						१	२	३	४	५	६(२+३+४+५)	६	७	८	९(६+७+८)	१०(१+६-९)
१	सुरुङ्गा नगरपालिका	सप्तरी	११४९८५४	१९८२८	१.७२	९३९८१	३६९४८७	७०७२२	१५२९४	१५१८७८	६०७३८१	४१९६७०	१२०९९९	१८०४	५४२४७३	१५८८८९

बेरुजु वर्गीकरण (विनियोजन, राजश्व, धरौटी र अन्यकारोबार)

२०७६/७७

अनुसूची-२

(रु हजारमा)

सि.न.	स्थानियतहको नाम	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	सुरुङ्गा नगरपालिका	सप्तरी	५१	१८	१९८२८	०	०	०	५१	१८	१९८२८	२७३५	१५२५५	१८३८	०	०	१७०९३	०	०	०

अद्यावधिक बेरुजु स्थिति

अनुसूची-३

२०७६/७७

(रु हजारमा)

क्र.स.	स्थानियतहको नाम	जिल्ला	गत बर्ष सम्मको वाँकी वेरुजु	समायोजन	गत वर्षसम्मको यथार्थ बेरुजु	सं प को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको वाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की
१	सुरुङ्गा नगरपालिका	सप्तरी	४८१६२	०	४८१६२	१८५	१८५	०	०	४७९७७	१९८२८	६७८०५	०